# गौर नगरपालिका

## स्थानीय राजपत्र

गौर नगरपालिका द्वारा प्रकाशित

खण्डः ८ संख्याः ७ मितिः२०८१/१२/३१

भागः २

गौर नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ बमोजिम गौर नगरपालिकाको नगर कार्यपालिकाले जारी गरेको निर्देशिका सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

सम्वत् २०८१ सालको निर्देशिका नं. १

# **महिला सुरक्षा आवास सञ्चालन निर्देशिका, २०८१**

प्रमाणिकरण मिति :
राजपत्रमा प्रकाशन मिति :

# महिला सुरक्षा आवास सञ्चालन निर्देशिका

## २०८१

## गौर नगरपालिका

## नगरपालिकाको कार्यालय

गौर, रौतहट

# प्रस्तावना

नेपालकोसंविधानलेमहिलाहरूलाई हिंसा मुक्त भएर बाँच्न पाउनेअधिकार दिएकोछ । संविधानले पहिलो पटक महिलाको अधिकार, बालबालिकाको अधिकार र पीडितको अधिकारको व्यवस्था गरी हंसा तथा अपराधबाट पीडित महिला, बालबालिका तथा व्यक्तिहरूको अधिकार सुनिश्चित गरेको छ ।

नेपालको संविधानले सुनिश्चित गरेको अधिकारलाई कार्यान्वयन गर्न नेपाल सरकारले दुईवटा महत्वपूर्ण ऐनहरू ल्याएको छ :

अपराध पीडित संरक्षण ऐन, २०७५ तथा

बालबालिका सम्बन्धी ऐन, २०७५ । यी दुवैविशेष ऐन हुन् ।

त्यसै गरी, मुलुकी अपराध संहिता, २०७४ ले पनि पीडितको क्षतिपूर्तिको अधिकारलाई सुनिश्चित गरेको देखिन्छ । यसका अतिरिक्त नेपालको संविधान लागू हुनुअघि पनि घरेलु हिंसा, मानव बेचबिखन तथा ओसारपसारबाट पीडितको अधिकार सुनिश्चित गर्न घरेलु हिंसा (कसूर र सजाय) ऐन, २०६६, मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ ले पनि पीडितको हक अधिकार संरक्षण सम्बन्धी केही अधिकारहरू स्थापित गरेका थिए ।

महिला विरुद्ध हुने कसूर तथा अपराध पीडितलाई न्यायको पहुँचसम्म पुऱ्याउन विभिन्न न्यायिक निकायहरू प्रहरी, सरकारी वकिल, अदालत, सेवा प्रदायक निकाय तथा स्वास्थ्य केन्द्र, अस्पताल, अस्पताल अन्तर्गत स्थापित एकद्वार सङ्कट व्यवस्थापन केन्द्र, सेवा केन्द्र, पुनर्स्थापना केन्द्र, विभिन्न कोषहरूजस्ता संघ-संस्थाहरू कार्यरत रहेका छन् ।

कानूनी प्रावधान तथा सहयोगी संयन्त्रहरु हदाहुदैपनि नेपाली समाजमा लैङ्गिक हिंसा एउटा मूल समस्याको रुपमा रहेको छ । यस्तो हिंसाहरुबाट धरैजसो महिला, किशोरी तथा बालिकाहरु पीडित हनु ेगरेका छन् । महिलाहरु सामाजिक, सांस्कृतिक, संरचनागतका साथै भौतिक रुपमा हुने विभिन्न खाले हिंसाहरुबाट पीडित भई रहेको अवस्था छ । लैङ्गिक हिसं ालाई सामान्य ठान्नेर घर भित्रको मामलाको रुपमा हेर्ने ह्राम्रो सामाजिक मुल्य र मान्यताले एकातिर हिंसालाई बढावा दिने गरेको छ भने अर्कोतर्फ पीडित तथा प्रभावितलाई न्यायको खोजीमा बाहिर आउन पनि निरुत्साहित गरेको छ । लैङ्गिक हिंसा भित्र पनि घरेलु हिंसाको संख्या नै बढि रहेको तथ्यांकहरुले देखाउँछन् । यस्तो परिवेशमा आफू माथि भएको हिंसाको विरोध गर्दा र न्यायको लागि कानूनी प्रकृयामा अगाडि बढ्दा महिलाहरु आफ्नो घरबाट नै विस्थापित हुने अवस्था सृजना हुने गरेको छ । अर्कोतर्फ घरबाट विस्थापित भएर कहाँ जाने भन्ने सोचेर धेरैपीडित तथा प्रभावितहरु उजरी गर्ने भन्दा पनि बरु सहेरे बस्ने बाटो पनि राज्ने गर्छन् ।

विगतमा राज्यको तर्फबाट महिला तथा बालबालिका कार्यालयको नेतृत्वमा विभिन्न जिल्लाहरुमा सुरक्षा आवास सहयोग उपलब्ध गराउनका लागि सेवा केन्द्रहरु सञ्चालन गरिएको थियो । तर राज्य पुनसंरचनाको क्रममा सो कार्यालय खारेज भएको हुँदा सञ्चालनमा रहेका सेवा केन्द्रहरुको सेवा प्रवाह पनि अवरुद्ध हुन पुगेको छ । नेपाल सरकारले महिलामाथि हुने सबखै ाले हिंसालाई प्राथमिकतामा राखी त्यसको रोकथाम र आपतकालिन उपचार तथा सुरक्षा र न्यायमा पहुँचको व्यवस्था मिलाउने राष्ट्रिय नीति निर्माण गरी कार्यान्वयनमा ल्याई राखेको सन्दर्भमा स्थानिय

सरकार गौर नगरपालिकाको कार्यालय) र आसमान नेपाल, सप्तरीले हिंसा प्रभावित महिला तथा बालिकाहरुकोअल्पकालिन वासस्थानका रुपमा एक महिला सुरक्षा आवासका लागि चाहिनेसबैभौतिक पुर्वाधारहरु पुरा गरी यो महिला सुरक्षा आवास संचालन गर्नका लागि यो निर्देशिका तयार पारिएको हो ।

## परिच्छेद १

### १. परिभाषा

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा प्रयोग गरिएका शब्दहरुको निम्न अर्थ बुझिनेछ :

१.१. **नर्देशिकाको नाम :** महिला सुरक्षा आवास सञ्चालन निर्देशिका, २०८१ रहनेछ ।

१.२. **निर्देशिका लागु हुने :** गौर नगरपालिकाको निर्णयद्धारा पारित भएको मितिदेखि यो निर्देशिका लागु हुने छ ।

योकार्यविधि देहायका व्यक्ति ,संस्था तथा सरोकारवालाहरूलाई योकार्यविधि लागूहुनेछ ।

क) यो निर्देशिका यस सेवा केन्द्रको व्यवस्थापन समितिमा रही यसको संञ्चालन तथा व्यवस्थापनमा सहयोग गर्ने व्यक्ति,संघ–संस्था तथा सरोकारवाला निकायहरु,

ख) घटना अभिलेखिकरण गर्ने व्यक्ति, सुरक्षा आवास ईन्चार्ज, मनोविमर्शकता, कानुनी सहायता प्रदान गर्नेव्यक्ति, सेक्युरिटि गार्ड लगायत सुरक्षित आवासमा कार्यरत सम्पुर्ण कर्मचारी,

ग) सुरक्षा आवासमा सेवा लिने सेवाग्राहीहरु,

घ) दफा ९ बमोजिम गठित केश युनिट

१.३. **सुरक्षा आवास भन्नाले :** हिंसा प्रभावित बालिका/महिलालाई कुनेपनि प्रकारकोहिसं ा भयोर परिवार/समाजमा बस्न सुरक्षाको दृष्टिकोणले उसलाई गाह्रो भयो, वा परिवार तथा समाजमा बस्दा उसलाई न्याय प्राप्ति गर्न कठिनाई हुने भयो भने उक्त अवस्थामा प्रभावितको न्यायमा पहुँच र सुरक्षालाई सुनिश्चित गर्नका लागि आवश्यक सम्पुर्ण सेवा प्रदान गर्ने स्थान सुरक्षा आवास हो । सुरक्षित आवास एउटा यस्तो थलो हो जहाँ प्रभावितहरुलाई मनोसामाजिक सेवा र कानूनी सहायता उपलव्ध गराई आत्मविश्वासमा बृद्धि भएको महशुसीकरण गराउनेथलोकोरुपमा वुझनु पर्दछ ।

१.४. **पारिवारिक पुर्नमिलन :** भन्नाले हिंसा प्रभावितको घर वा आफन्तहरुको घर फिर्ति वा आफन्तले जिम्मा जमानीमा लिने भन्ने बुझिनेछ ।

१.५. हिंसा प्रभावित भन्नाले बालिका वा महिला भएकै कारणले घरवाट निकाला गरिएका, अलपत्र अवस्थामा रहेका र प्रहरी कार्यालयले सुरक्षाका हिसावले जोखिम ठहर गरी सिफारिस गरेका, महिला समुह वा गै.स.स.हरुले सिफारिश गरेका र मानवअधिकार संरक्षण केन्द्र संजाल, महिला मानव अधिकार रक्षक संजाल , महिला, बालबालिका तथा जेष्ठ नागरिक सेवा केन्द्र वा स्थानिय सरकारको न्यायिक

समितिले सिफारिश गरेका हिंसा प्रभावित महिला भन्ने वुझिन्छ र हिंसा प्रभावित महिलासंग आश्रित ६ बर्ष सम्मको बालवालिका समेतलाई बुझिनेछ। तर मानसिक असन्तुलन भएका महिला तथा सरुवा रोगका संक्रमण रोगीहरुलाई भने राखिने छैन।

१.६. **सुरक्षा आवासमा वस्ने अवधि** भन्नाले हिसां प्रभावितको शारिरीक र मानसिक अवस्था एवं निजकोपरिवार वा समुदायलेग्रहण गर्ने अवस्था बिध्यमान नरहेकोअवस्था वाहेक हिंसा प्रभावितलाई ९० दिन भन्दा बढि समय सुरक्षा वास सेवा केन्द्रमा राखिने छैन तर आवश्यकत्ता अनुसार सुरक्षा आवास समितिद्धारा घटनाको विश्लेषण गरी पुन: विचार गर्न सकिनेछ।

१.७. **मनोसामाजीक मनोबिमर्श सेवा** भन्नाले हिंसा प्रभावितको समस्यासंग जुध्न संयुक्त रुपमा तयार गरिने योजना र दीर्घकालिन समाधानका उपायहरुको खोजी गर्न प्रभावित आफैले निर्णय गर्न सहयोग

पुऱ्याउने बिधिलाई वुझिने छ। सामाजीक मनोविर्मशकर्ताले हरेक मनोविमर्श सेसनको अवस्था वारेमा अनुसुचिको फारम भरी साप्ताहिक अध्यावधि गर्दै जाने कुरा समेत पर्दछ।

१.८.**घटना व्यवस्थापन एकाई** भन्नाले घटनाहरुको अभिलेखिकरण राख्ने, घटनाको अनुगमन तथा विश्लेषण गर्ने, घटनाको व्यवस्थापनका लागि आवश्यक कार्यहरु गर्नका लागि पहल गर्ने, प्रभावितको न्यायका लागि आवश्यक तत्कालीन सहयोगहरुको पहिचान गरि उक्त सहयोग दिलाउनका लागि संस्थाभित्र तथा बाहिर सिफारिस सम्प्रेषण (रेफरल) गर्ने जस्ता कार्य गर्न खडा गरिएको एकाई भन्ने बुझ्नुपर्दछ। सजिलो अर्थमा बुझ्दा हिंसा प्रभावितका समस्याहरुलाई मनोविमर्शकर्ता, वकिल, सुरक्षा वास सेवा केन्द्र प्रमुख र व्यवस्थापन समिति सहितको कार्यदललाई वुझिन्छ। हिंसा प्रभावितको समस्यालाई कसरी सहयोग गर्ने भन्ने निर्णय गर्न यस एकाईको वेठक प्रति महिनामा एक पटक र आवश्यक्ता अनुसार बैठक बसी केशहरुको फलोअप तथा आवश्यक निर्णय गरिनेछ।

१.९. **प्राथमिक स्वास्थ्य जाँच तथा उपचार सेवा** भन्नाले हिंसा प्रभावितहरुलाई सुरक्षा आवास सेवा केन्द्रमा आश्रय वा सेवा लिनु पुर्व उनीहरुको महिला स्वास्थ्य समस्या र सामान्य चोटपटकहरुको प्राथमिक जाँच तथा उपचार गर्नु भन्ने वुझिनेछ। जटिल तथा गहिरोघाऊ चोटपटक देखिएका हिसं ा प्रभावितको स्विकृतिमा तुरुन्तै प्रहरी कार्यालयवाट घाउ जाँच फारम भर्न सिफारिस गरिनेछ।

१.१०. **सामाजिक पुनर्स्थापना** भन्नाले हिंसा प्रभावितहरुलाई जिविकोपार्जनको अवस्था सृजना गर्न सहजीकरण गर्नु र आत्मनिर्भर हुन अभिप्रेरित गर्ने प्रक्रियालाई वुझिन्छ। समुदाय भित्रै उनीहरुले आत्मसम्मानपुर्ण जीवनयापनको अनुभुति गर्न सक्नु वा कानुनी अधिकार तथा सामाजिक न्याय प्राप्त गर्न सक्नुलाई समेत वुझिनेछ।

१.११ **परिवार** भन्नालेसुरक्षा आवासमा रहके ा सेवाग्राहीकोलालनपालन गर्ने तथा हाडनातामा पर्ने बाजे, बज्यै, आमा, बुवा, पति, पत्नी, छोरा, छोरी, बुहारी, नाति, नातिना वा आफन्त समेतलाई बुझिनेछ।

१.१२ **वडा** भन्नाले गौर नगरपालिकाको वडा कार्यालयलाई सम्झनुपर्दछ।

१.१३ **पालिका** भन्नाले गौर नगरपालिकाको कार्यालयलाई सम्झनुपर्दछ साथैसो शब्दले सेवाग्राहीको स्थायी ठेगाना भएको स्थानीय तह गाउँपालिका वा नगरपालिका समेतलाई सम्झनु पर्दछ।

१.१४ **कानून** भन्नाले नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय सरकारद्धारा पारित कानूनलाई सम्झनु पर्नेछ ।

२. **उद्देश्य**

हिंसा प्रभावितहरुका लागी सुरक्षा आवास प्रदान गर्नु कानुनी शासन तथा मानव अधिकार सुनिश्चितताका हिसाबलेसबकै ोसमान सरोकारकोविषय हो। पीडाका अवस्थामा बाँच्नुपरेकाहरुलाई सुरक्षा जालो (सेफ्टी नेट) को प्रयासले उनीहरुलाई पुनर्जीवन दिन्छ भने हिंसा प्रभावितको पक्षमा मानव अधिकारको प्रत्याभुति गराउन सहयोग गर्दछ । सामाजिक रुपमा हिसं ालाई निरुत्साहित गर्दै पिडित मैत्री वातावरण सृजना गर्नमा टेवा पुऱ्याउन सुरक्षावासले सहयोग उपलब्ध गराउछ । वुदागत रुपमा उद्देश्य निम्न बमोजिमको हुनेछ :-

क) हिंसा प्रभावित महिलाहरुको आत्मविश्वासलाई मजबुत गर्दै स्वयं सशक्त हुने वातावरणको निर्माण गर्नु

ख) हिंसा प्रभावितलाई मनोसामाजिक विमर्श विधिद्धारा उनीहरुको आत्मावल एवं निर्णय गर्न सक्ने क्षमतामा अभिबृद्धि गर्दै सरकारी संयन्त्रवाट उपलब्ध सेवाहरुमा पहुँच अभिवृद्धि गर्न सक्षम बनाउन सहजीकरण गर्ने

ग) हिंसा प्रभावितलाई संस्थागत रुपमा सहयोग गर्ने वातावरण तयार गर्न सहजीकरण गर्ने ।

घ) हंसा प्रभावितलाई आत्मसम्मान पूर्वक परिवार तथा समाजमा पुनर्स्थापना हुने वातावरण सिर्जना गर्नका लागि सहजिकरण गर्ने ।

३. निर्देशक सिद्धान्तहरु : सुरक्षा आवास स्थापना र सञ्चालन गर्दा देहाय बमोजिमका विश्वब्यापी मानव अधिकारका सर्वमान्य सिद्धान्त र नेपालको संविधानको भाग ३ मा व्यवस्था गरिएका मौलिक हक र कर्तव्यको आधारमा तय गरिएका निर्देशक सिद्धान्तहरुलाई मार्गदर्शकका रुपमा अङ्गिकार गरिएको छ ।

(क) मानव अधिकार : सुरक्षा आवासमा संरक्षित व्यक्तिको मानवअधिकारको पूर्ण सम्मान गरिनेछ । प्रभावित व्यक्तिलाई उद्धार, पुर्नस्थापना, सिपमुलक तालिम, मनो–विमर्श, पुनर्एकीकरण लगायतका अन्य कुनै पनि सेवा प्रदान गर्दा मानवाधिकारका मूल्य मान्यताहरुलाई निर्देशित सिद्धान्तको रुपमा आत्मसात गरिनेछ । सेवा प्रदान गर्ने सम्पुर्ण प्रक्रियामा प्रभावितको ईच्छा र निर्णयकोपुर्ण रुपमा सम्मान गर्दैप्रभावित केन्द्रित सिद्धान्तबाट सवे ा प्रदान गरिनेछ ।

(ख) लैङ्गिकता प्रति सम्वेदनशिलता : प्रभावित व्यक्तिलाई उद्धार, पुर्नस्थापना, सिपमुलक तालिम, पुनःएकीकरण लगायतका अन्य कुनैपनि सेवा प्रदान गर्दा उनीहरुको लैङ्गिकता प्रति सम्वेदनशील भई सारभूत समानताका सिद्धान्तहरुलाई अवलम्बन गरिनेछ ।

(ग) गोपनीयता : प्रभावित व्यक्तिहरुसँग सरोकार राख्ने विवरण, जानकारी तथा सूचना आदिलाई गोप्य राखिनेछ । प्रभावितको स्विकृति लिएर र प्रभावितलाई कुनै पनि प्रकारको असर नपर्ने सुनिश्चित गरेर मात्र निजका विषयमा कुनै सुचना सार्वजनिक गर्ने वा कानुनी प्रकृयामा सहजीकरण गरिने छ ।

(घ) भेदभावरहीत व्यवहार : सुरक्षा आवासमा संरक्षित व्यक्तिहरुलाई जात, जाति, वर्ण, वर्ग, रङ्ग, लिङ्ग, भाषा, धर्म, बिचार, भौगोलिक, वा सामाजिक उत्पत्ति, सम्पत्ति, अपाङ्गता, जन्म अथवा अन्य हैसियतको कारणबाट कुनै किसिमको भेदभाव गरिने छैन ।

(ङ) समन्वय एवं सहकार्य : कुनै पनि व्यक्ति हिंसाबाट प्रभावित भएको खण्डमा उनीहरुलाई उद्धार, पुर्नस्थापना, सिपमुलक तालिम, मनो–विमर्श, पुन:एकीकरण लगायतका अन्य कुनै पनि सेवा प्रदान गर्दा सम्बद्ध सबै सरोकारवालाहरु बीचमा केन्द्र, प्रदेशदेखि स्थानीयतहसम्म सूचना आदानप्रदान, समन्वय, सहयोग एवं सहकार्यलाई जोड दिइनेछ ।

(च) सहज र नि:शुल्क सेवा : सुरक्षा आवासले विभिन्न किसिमका आधारभूत सेवाहरु जस्तै प्राथमिक स्वास्थ्य जाँच तथा उपचार, कानुनी सहायता, सिपमूलक (रोजगारीमूलक) तालिम, मनोविमर्श लगायतका सेवाहरु संरक्षित व्यक्तिलाई सहज र नि:शुल्क उपलब्ध गराउनेछ । कुनै किसिमको जटिल स्वास्थ्य समस्या देखिएमा केश एकाईको निर्णय अनुसार स्वास्थ्य उपचार सेवा लगायत सबै सेवाहरु निशुल्क प्रदान गरिने छ भने सरकारी सेवा सुविधालाई प्रभावितको सेवामा पहँचु पुर्‍याउन समन्वय गरिनेछ ।

(छ) सेवामा निपुर्णता र निरन्तरता : शारीरिक, सामाजिक, आर्थिक, मनोसामाजिक पुनर्लाभका लागि प्रभावित व्यक्तिको पहुँच बृद्धि गर्न सेवा केन्द्रले निपूर्ण, निरन्तर र दिगो सेवा प्रदान गर्नेछ ।

(ज) प्रभावितको फरक आवश्यकता : प्रत्येक व्यक्तिको इच्छा, चाहना र आवश्यकता र फरक क्षमतालाई सम्बोधन गर्न प्रयत्न गरिनेछ । शारिरीक अवस्था र जटिलताका आधारमा बिशेष सेवा प्रदान गरिने छ ।

(झ) प्रभावितको स्वेच्छा : सुरक्षा आवासले प्रभावित व्यक्तिलाई सेवा प्रदान गर्नु अगाडि प्रभावितलेसोसेवा लिन निज इच्छुक छ वा छैन भन्ने बुझि सेवा लिन इच्छुक भएमा वा सेवा लिन सहमत भएमा मात्र सेवा पुर्‍याउनु पर्नेछ ।

(ञ) न्यूनतम मापदण्ड : प्रभावित व्यक्तिहरुको संरक्षणमा उपलब्ध गरिने सेवाहरु अन्तर्राष्ट्रिय तथा राष्ट्रिय स्तरका न्यूनतम मापदण्डहरुलाई ध्यानमा राखेर तय गरिनेछ ।

(ट) सेवामा निरन्तरता र दिगोपना : संरक्षित व्यक्ति, निजको परिवार वा समुदायमा पुनर्स्थापित नहुन्जेलसम्म मात्र सुरक्षा वासबाट सेवाहरु उपलब्ध गराईनेछ । तर सुरक्षा आवास केन्द्रमा सेवा लिन आएको १(एक) वर्षसम्म यस्तो सेवा एकपटकमा बढीमा तिन महिनाको लागि मात्र उपलब्ध गराइनेछ ।

(ठ) उपदफा (ट) मा जुनसुकै लेखिएको भएता पनि कुनै सेवाग्राहीलाई सो अवधि भन्दा बढिको आवश्यकता ठहर भएमा निजलाई अर्को सेवाका लागि माथिल्लो निकाय वा गौर नगरपालिका वा निज बसोवास गर्ने स्थानीय तहको सिफारिसमा लेखी आएमा सोही बमोजिम आवासको व्यवस्था गरिनेछ वा अर्को सम्बन्धित निकायको रोहवरमा रिफर गरिनेछ ।

(ङ) सुरक्षाको प्रत्याभुति : प्रभावित व्यक्तिहरु संरक्षणका लागि सुरक्षा आवासमा आईसकेपछि संरक्षित ब्यक्तिको सुरक्षाको प्रवन्ध सुरक्षा वासले मिलाउनेछ । सुरक्षासँग सम्बन्धित सम्पूर्ण समन्वयात्मक कार्य सुरक्षा आवास केन्द्रले स्थानीय सरकार मातहतको महिला, बालबालिका तथा जेष्ठ नागरिक शाखा, सुरक्षा निकाय, अन्य आवश्यक सरोकारवालाहरुसँग समन्वय गरी मिलाउनु पर्नेछ ।

(ढ) सूचना सम्प्रेषण : सुरक्षा आवासमा रहेका संरक्षित ब्यक्तिहरुको परिचयात्मक विवरण गोप्य राखिने छ। संरक्षित ब्यक्तिको बारेमा राज्य वा सरोकारवालाहरुले सूचना मागेको हकमा संविधान प्रदत्त गोपनीयताको हक प्रतिकूल नहुने गरी मात्र विवरण उपलब्ध गराइनेछ ।

(ण) सांस्कृतिक सम्मान : सुरक्षा आवासमा रहके ा संरक्षित व्यक्तिहरुलाईजातजाती भाषाभाषी, वर्ग लिङ्गको आधारमा वा पीडा सम्बन्धी घटनाका आधारमा कुनै पनि किसिमको भेदभाव गरिने छैन तथा निजको भावनामा आँच आउने वा अपमानित हुने किसिमका शब्दको उच्चारण वा दुर्व्यवहार गरिनेछनै ।

(त) राजनीतिक अधिकार : सुरक्षा आवासमा रहके ा प्रत्येक संरक्षित व्यक्तिलेआफ्नोराजनीतिक अधिकारको प्रयोग गर्न पाउने छन् र निर्वाचनमा भाग लिन पाउने छन् ।

## परिच्छेद २

### ४.सुरक्षा आवास केन्द्रका सरोकारवालाहरु

४.१. हिंसा प्रभावित महिलाहरु हिंसा प्रभावित भन्नाले हिंसामा पारिएको व्यक्ति भन्ने बुझिन्छ । महिलालाई खान लाउन नदिनु , कुटपीट गर्नु , घरबाट निकाला गर्नु, र मानसिक रुपमा पनि हानी नोक्सानी पुऱ्याने काम घर परिबारका सदस्य वा समुदायका अन्य व्यक्तिहरुका कारण घर तथा समुदाय छोड्न बाध्य पारिएकोव्यक्तिलाई बुझ्नु पर्दछ। यस्तो अवस्थामा पुगेको व्यक्तिलाई खास गरी सुरक्षित वास अन्तर्गत हिंसा प्रभावित व्यक्तिको रुपमा लिइने छ । अर्को तिर घरै छोड्न प्रत्यक्ष रुपमा बाध्य नपारेको भए पनि त्यहाँ बसेर आफूलाई हिंसा गर्ने व्यक्ति विरुद्ध कानूनी तथा सामाजिक कारवाहीमा जाँदा असुरक्षित हुनेअनुभूति गरी हिसं ा प्रभावितलेसेवाकोमाग गरेमा र ज्यानैखतरामा हनु ेसम्भावना रहेको अवस्थामा पनि सुरक्षित वासमा जानु पर्ने अवस्था रहन्छ। हिंसा प्रभावित व्यक्तिलाई अझ पीडा हुन बाट जोगाई सामाजिक रुपमा सहयोगको वातावरण तयार गर्ने, शारीरिक र मानसिक उपचार गर्ने, आफू बिरुद्ध अपराध गर्ने व्यक्ति उपर कारवाहीमा जान सक्ने मानसिकता तयारी गर्ने र पीडक उपर कारवाहीको लागि वातावरण समेत तयार गर्ने जस्ता कार्यहरु सुरक्षित वासको समयमा गरिन्छ ।

अत: हिंसा प्रभावित महिलाहरु नै पहिलो सरोकारवाला हुन् भने उनीहरुको संगठन निर्माण गरिनु अर्को संगठित सरोकारवाला तयार गर्नु रहेको छ । यस्तो कार्यमा बिभिन्न गै.स.स.हरु, सरकारी निकायहरु र स्थानिय निकायहरुकोसहयोग लिनु पर्ने हुन्छ ।

४.२. महिला समुह, गै.स.स. तथा अन्य नेटवर्कहरु हिंसा प्रभावितका लागी सुरक्षा आवासको वातावरण तयारी गर्न महिला समुहको सहयोग अपरिहार्य हुन्छ । आफै पनि महिला समुहहरु महिला हिसां

विरुद्धमा संघर्षरत रहेका हुन्छन्। महिला समुहले नेसुरक्षा बासकोआवश्यक्तालाई औल्याएको हुन्। महिला समुहहरु, नागरिक समानताका लागि प्रयासरत संगठीत संस्था हो । यस्ता समुहहरु महिलाहरुको आत्मा सम्मान, स्वस्थ्य, शिक्षा, जस्ता अधिकारहरुको उपभोग गर्न विद्यमान नीति तथा कानुनले सुनिश्चित गरेका व्यवस्था उपर पहुँच स्थापित गर्न खोजिरहेका हुन्छन् । त्यसै गरि बिभिन्न नेटवर्क समुह तथा गै.स.स.हरुले उनीहरुका कार्यलाई सहयोग पुऱ्याउनुपर्ने दायित्व हुन्छ । गै.स.स. तथा नेटवर्क समुहहरुले महिला समुहहरुको गठन गर्न, उनीहरुका कार्यहरुलाई सृजनात्मक वनाउन, बिभिन्न सहयोगहरु उपलब्ध गराई रहेका हुन्छन् । सुरक्षा वासको अवधारणा नितान्त रुपमा महिलाहरुको सहयोगी संयन्त्र भएकोले महिला समुहहरुले यसको दीगो विकासको लागि प्रयास गरिरहनु पर्ने आवश्यक्ता देखिन्छ । किनभनेमहिला विरुद्धका हिंसात्मक कार्य कहाली लाग्दोरुपमा वढी रहके ोछ । हिंसाबाट प्रभावित भइ उम्कन सफल रहेका महिलाहरु र महिला हिसं ाकोविरुद्धमा लामोसमय सम्म काम गरिसकेको व्यक्तिहरुले हिंसा प्रभावितका लागी मेलमिलापका लागी सहजीकरण तथा कानुनी कार्वाहीमा सहजीकरणमा सहयोग गर्न सक्दछन्। यस्ता सहजकर्ता समुदायमा आधारित समुदायको आवश्यक्तमा तयार भएका हुन्छन् । यो कुनै निश्चित निकायमा दर्ता भएर वा नभईकन पनि क्रियाशिल रहन सक्छन ।

४.३. स्थानिय सरकार स्थानिय सरकार संचालन ऐन, २०७४ अन्तर्गत नगरपालिका र गाउपालिकाहरुलाई स्थानिय रुपमा समावेशी बिकास, लक्षित समुह(केन्द्रित) कार्यक्रम र जनसहभागीतामा आधारित भौतिक निर्माणका परियोजनाहरु संचालन गर्ने, स्थानिय स्रोतहरुको परिचालन गर्ने र दिगो बिकास एवं स्वावलम्वनता तर्फ अग्रसर गराउने दिर्घकालिन कार्यक्रमहरु संचालन गर्न सक्ने अधिकार रहके ो छ । महिलामाथि हुने हिंसा भनेको समविकासको वाधक मात्र होईन कि महिलाहरुको आत्मसम्मान माथिको चोट पनि हो । हरेक नागरिकको आत्मसम्मानलाई मानव अधिकारकोसिद्धान्तलेप्रमुख अवयवका रुपमा ग्रहण गरके ोछ। त्यसकारण आत्मसम्मानमाथीका चोटलाई मानव अधिकारको उच्च स्तरको हनन् पनि मानिन्छ । मानवअधिकारको उपयोग गर्ने वातावरण सृजना गर्नुस्थानिय सरकारको प्रमुख दायित्व रहेको हुदाँ हिंसा प्रभावितलाई समावशे ी विकासको मुल प्रवाहमा ल्याउनका लागी सुरक्षा वासले अवसर प्रदान गर्ने हुदाँ स्थानीय सरकारको सक्रियता अपरिहार्य रहन्छ ।

४.४.सम्बद्ध सरकारी निकायहरु सम्वद्ध सरकारी निकाय, जिल्ला प्रशासन कार्यलय, जिल्ला प्रहरी कार्यलय, इलाका प्रहरी, वडा प्रहरी कार्यलय, जिल्ला अदालत, जिल्ला सरकारी वकिल कार्यालय, जिल्ला स्वास्थ्य कार्यालय, जिल्ला घरेलु तथा साना उद्योग बिकास कार्यालय आदि पर्दछन् । कहिलेकाही समस्याको प्रकृति अनुसार अन्य कार्यलयसँग समेत सरोकारको विषय हुन सक्छ जस्तै घाउ जाँच गराउदा प्राथमिक स्वास्थ्य केन्द्र, व्यवसायिक पशु पालन सिप विकासका लागी जिल्ला पशु बिकास कार्यालय आदि । यी कार्यलयहरुले सुरक्षा वासमा आश्रीत रहके ा प्रभावितहरुका लागी प्रत्यक्ष सेवा लिनका लागी सहयोग पुऱ्याउन र पिडकलाई कारवाहीका दायरा भित्र ल्याउन आफ्नो कार्य क्षेत्रमा नै रहेर सहयोग पुऱ्याउन सक्छन्। कानून पालना तथा नागरिक अधिकारको उपभोग गर्ने वातावरण तयार गर्नको लागि पहरेदारको रुपमा रहेका यी निकायहरुको भूमिका त अफ्र महत्व पूर्ण हुन्छ । नागरिकका गुणस्तरिय जीवन वाँच्न पाउने अधिकारको प्रत्याभुत गराउन यस्ता सरकारी निकायहरुसँग समन्वय र सहकार्यको आवश्यकता देखिन्छ । सरकारी निकायहरुबाट हिंसा प्रभावितलाई आर्थिक, कानूनी र सामाजिक सहयोगको वातावण उपलब्ध गराउन सकेमा हिंसा प्रभावितको अधिकारलाई संस्थागत

विकास गर्न टेवा पुग्ने हुन्छ । हिंसा प्रभावितहरुको अधिकार सुनिश्चिततताका लागी बहपुक्षिय संयन्त्रहरुकोसहयोग अपरिहार्य रहेकोहन्छ ।

४.५. राजनीतिक दलहरु निर्वाचन पद्धतीवाट छानिएका जनप्रतिनिधिहरुले कानुन तथा नीतिहरुको निर्माण गर्ने, स्रोतको विनियोजन गर्ने, नागरिकको जीवन तथा सम्पति रक्षाको लागी सुरक्षा दिन राज्यलाई जिम्मेवार वनाउने नीति, कार्यक्रम र संरचनाहरुको निर्माण गर्ने दृष्टिकोण तयार गर्नु पर्दछ । राजनीतिक दलहरुले हिंसा प्रभावितलाई राज्यले संरक्षण दिनु, उनीहरुलाई अन्याय गर्ने दोषी उपर कानुनी कार्वाही गर्नु राज्य संयन्त्र प्रेरित र वातावरण निर्माण गर्न सहजीकरण गर्दछन्। उनीहरुले कानुनी शासनकोमुल मर्मलाईस्खलित नगराईवरु सरकारी संयन्त्रलाई जिम्मेवार वनाउन सहजीकरण गराउनु पर्ने हुन्छ। स्थानिय ,प्रदेश तथा केन्द्रिय प्रणालीहरुमा राजनीतिक दलहरुको आ-आफ्नो हेसियत र जिम्मेवारी रहके ा हुन्छन् । उनीहरुको घोषणा पत्र तथा राजनीतिक दस्तावेजहरुमा अधिकार विहिनहरुका लागी अधिकार प्राप्तीका लागी सहजीकरण गर्ने प्रतिवद्धता रहके ाहुन्छ भनेत्यसका लागी अनुकुल वातावरण वनाउनु उनीहरुको दायित्व रहेको हुन्छ ।

५.सुरक्षा आवास सेवा केन्द्र संचालनको प्रकृति :

५.१.गौर नगरपालिका कार्यालयको स्वीकृतिमा गैर नाफामुलक संस्था आसमान
नेपालको व्यवस्थापनमा संचालन : घरेलु हिंसा (कसुर र सजाय) नियमावली २०६७ को अनुसुची ५ को ढाँचामा दफा ९ वमोजिमको मापदण्ड अनुसार सुरक्षा वास सेवा केन्द्र संचालन गर्न अनुसुची ६ वमोजिमको स्विकृति लिई गैर सरकारी संस्थाहरुले आफ्नो स्रोतहरुवाट संचालन गर्न सक्ने व्यवस्था छ । संगै स्थानीय सरकार संञ्चालन एन २०७४ ले समेत स्थानीय सरकार वाट स्विकृति लिई सुरक्षा वास संञ्चालन गर्न सकिने व्यवस्था रहेको छ। यस अनुरुप गोलवजार नगरपालिकाको स्वीकृति लिई अनुगमन तथा समन्वय गर्ने जिम्मेवारी स्थानीयतह अर्न्तगत महिला, बालबालिका तथा जेष्ठ नागरिक शाखालाई तोकिएको र समग्र जनउत्थान केन्द्र , आरके नेपाल ,महिला मानवअधिकार रक्षक संजाल, मानवअधिकार संरक्षण केन्द्र संजालको व्यवस्था अर्न्तगत रहि सुरक्षा वास सेवा केन्द्र संचालन गरिनेछ । राष्ट्रिय मापदण्डका आधारमा यो निर्देशिकाहरु तयार गरिएको छ । नेपालको संविधानले महिलाहरूलाई हिंसा मुक्त भएर बाँच्न पाउने अधिकार दिएको छ। संविधानले पहिलो पटक महिलाको अधिकार, बालबालिकाको अधिकार र पीडितको अधिकारको व्यवस्था गरी हिंसा तथा अपराधबाट पीडित महिला, बालबालिका तथा व्यक्तिहरूको अधिकार सुनिश्चित गरेको छ। संविधानले सुनिश्चित गरेको अधिकारलाई कार्यान्वयन गर्न नेपाल सरकारले दुईवटा महत्वपूर्ण ऐनहरू ल्याएको छ :

अपराध पीडित संरक्षण ऐन, २०७५ र

बालबालिका सम्बन्धी ऐन, २०७५ ।

यी दुवै विशेष ऐन हुन् । त्यसै गरी, मुलुकी अपराध संहिता, २०७४ ले पनि पीडितको क्षतिपूर्तिको अधिकारलाई सुनिश्चित गरेको देखिन्छ। यसका अतिरिक्त नेपालको संविधान लागू हुनुअघि पनि घरेलु हिंसा, मानव बेचबिखन तथा ओसारपसारबाट पीडितको अधिकार सुनिश्चित गर्न घरेलु हिंसा ( कसूर र सजाय) ऐन, २०६६, मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ ले पनि पीडितको हक अधिकार संरक्षण सम्बन्धी केही अधिकारहरू स्थापित गरके ा थिए। महिला विरुद्ध हुनेकसूर तथा अपराध पीडितलाई न्यायको पहुँचसम्म पुऱ्याउन विभिन्न न्यायिक निकायहरू प्रहरी, सरकारी वकिल, अदालत, सेवा प्रदायक निकाय तथा स्वास्थ्य केन्द्र, अस्पताल, अस्पताल अन्तर्गत स्थापित एकद्वार

सङ्कट व्यवस्थापन केन्द्र, सेवा केन्द्र, पुनर्स्थापना केन्द्र, विभिन्न कोषहरूजस्ता संघ-संस्थाहरू कार्यरत रहेका छन् । त्यसै गरी, सेवा प्रदायक पेशाकर्मीहरू जस्तो: वकिल, डाक्टर/स्वास्थ्यकर्मी, मनोविमर्शकर्ता, सामाजिक कार्यकर्ता तथा जनप्रतिनिधिहरू, सेवा प्रदायक संघ-संस्थाहरूको भूमिका पनि अत्यन्त महत्वपूर्ण हुन्छ । यस परिच्छेदमा ती निकायहरूको परिचय र पीडितलाई न्यायको पहुँचमा पुऱ्याउन तथा न्याय प्रदान गर्न उनीहरूको भूमिका के हो भन्ने बारेमा चर्चा गरिएको छ ।
५.२. सुरक्षा आवासको अनुगमन तथा समन्वय : मुल रुपमा महिला सुरक्षा आवास सेवा केन्द्रको अनुगमन तथा समन्वय गर्ने जिम्मेवारी स्थानिय सरकारको महिला, बालबालिका तथा जेष्ठ नागरिक शाखालाई हुने छ भने घरेलु हिंसा (कसुर र सजाँय) ऐनको दफा ११ अनुसार सेवा केन्द्र संचालनका लागी सेवा कोषको व्यवस्था गरिने छ । जसमा नेपाल सरकार, स्वदेशी तथा बिदेशी संस्थावाट प्राप्त रकम र अन्य स्रोतवाट स्थानिय स्तरमा सेवा केन्द्र संचालन गर्न सकिने व्यवस्था गरिएको छ । स्थानिय निकायहरुले महिला लक्षित कार्यक्रमवाट सेवा कोषको व्यवस्थापन गरि गैर सरकारी संस्थाहरुको सहकार्यमा संचालन गर्न सक्ने व्यवस्था सुरक्षा वास सम्वन्धि राष्ट्रिय निर्देशिकाले व्यवस्था गरी सार्वजनिक एवं निजी क्षेत्रको साझेदारीमा सुरक्षा वास सेवा केन्द्र संचालन गर्न सक्ने व्यवस्था रहेको छ । यसरी संचालन हुने सुरक्षा वास सेवा केन्द्रमा जिल्ला स्तरका विभिन्न सेवा प्रदाय निकायहरु, महिला अधिकारका क्षेत्रमा क्रियाशिल गैर सरकारी संस्थाहरु र निजि क्षेत्र (सामाजीक उत्तरदायित्व) को संयुक्त प्रयासमा वहुपक्षिय सरोकारवालाहरुलाई जिम्मेवार वनाउने गरी संयन्त्र निर्माण गर्न सकिने छ ।

६. सुरक्षा आवास सेवा केन्द्रका न्युनतम् मापदण्डहरु :

घरेलु हिंसा (कसुर र सजाय) ऐन, २०६६ अर्न्तगत सञ्चालन हुने सुरक्षा आवास सेवा केन्द्रको न्युनतम मापदण्डलाई तोकिएकोछ भनेआफ्नोस्रोतलेभ्याए अनुसार उच्चतम प्रयोग गर्ने कम्तिमा तपसिल बमोजिमकोमापदण्डलाई भनेअख्तियार गर्नु पर्ने हुन्छ ।

६.१. परिसर (आवास गृहको परिसर देहाय बमोजिम हुनेछ )

- चारैतिर झट्ट कोही प्रवेश गर्न नसक्ने गरी तारवार वा कम्पाण्डले घेरिएको हुनु पर्नेछ ।
- हाता भित्र पर्याप्त हावा खेल्नेर घाम लाग्ने गरी खुल्ला ठाँउ हुनु पर्नेछ ।
- आवागमन नियन्त्रण गर्न सकिने गरि बलियो प्रवेशद्वारको व्यवस्था गरि पहरेदारको व्यवस्था हुनु पर्दछ
- सुरक्षाको उच्चतम्व्यवस्था मिलाई सुरक्षाकोअनुभुति सेवाग्राहीलाई गराईनुपर्नेछ ।

६.२. आवास गृह (हिंसा प्रभावितलाई स्वास्थ्य र प्रयाप्त स्थान सहितको सुरक्षित आवास देहाय बमोजिमकोहनु पर्ने छ ।

- प्रयाप्त हावा खेल्ने र प्रकाश सहितको कोठाहरुको व्यवस्था हुनेछ ।
- राष्ट्रिय मापदण्ड अनुसारको प्रति व्यक्ति ५० वर्ग फिट दुई भन्दा वढी प्रभावितको हकमा

६.४. वर्ग फिट हुने गरी कोठाहरुका क्षेत्रफलको व्यबस्था गर्नु पर्नेछ ।

♦ प्रत्येक सेवाग्राहीको लागि छुट्टै अलग अलग खाटको व्यवस्था गर्नु पर्नेछ ।

♦ सुत्केरी तथा असक्त तथा बिरामी हिंसा प्रभावित लागी अलग्गै कोठाको व्यवस्था हुनु पर्नेछ । ♦ काखमा वच्चा सहितका प्रभावितका लागि अलग्गै सुविधाजनक सुत्ने खाट व्यवस्था गर्नु पर्नेछ ।

♦ प्रयाप्त पानी सहितको स्नानघर, कपडा सुकाउने स्थान, शौचालय लगायतका सरसफाईका अन्य सामाग्रीहरु र फोहरमैलाको उचित बिसर्जनको व्यबस्था हुनु पर्नेछ ।

♦ मनोरञ्जन, अर्न्तकिया र आमोद प्रमोदका छुट्टै कक्ष लगायत साझा संचारका लागि टेलिफोन, टेलिभिजन आदिको व्यवस्था गर्नु पर्नेछ । पत्रिका तथा आधारभुत शिक्षाका लागी सानो वाचनालयको व्यवस्था हुने छ ।

♦ वलात्कार लगायतका जोखिमपुर्ण आक्रमणवाट उम्कन सफल सेवाग्राहीको उपचार र केश फारम लगायतकोमनोसामाजीक बिमर्श व्यबस्थाकोगोप्य कक्षकोव्यवस्था गरिनुपर्दछ तर एकद्धार संकट व्यवस्थापन केन्द्रको व्यवस्था भएका जिल्लामा भने अस्पतालमा नै गरिने छ ।

♦ सुरक्षा आवास सेवा केन्द्रको गोप्यताका लागी केश एकाईले सुरक्षाको व्यबस्था गर्ने छ । आवश्यकता महसुस भएका समयमा सुरक्षा प्रयोजनका लागि नियमित गस्तिका लागी नेपाल प्रहरीको सहयोग लिईने छ ।

६.३. हिंसा प्रभावितका लागि खाना तथा खाजाको ब्यवस्था ङ्ग प्रत्येक सेवाग्राहीको लागि बिहान, दिउँसो र बेलुकीको सफा र पोषणयुक्त खाना तथा खाजाको व्यवस्था गरिनेछ । सेवाग्राहीका लागी बिहान हल्का चिया सहितको वयस्क मानिसका लागि चाहिने रु. ५०।- वरावरको नास्ता वाट सुरु हुन्छ भने दिउँसो भात, दाल, मौसम अनुसारको तरकारी र अचार सहित वेलुकी सोही अनुसार दैनिक व्यवस्था गरिनेछ । प्रति वयष्क व्यक्ति प्रति दिन रु. ३५० मा नवढ्ने गरी व्यवस्था गरिन्छ ।

● बेलुकी सेवाग्राहीको चाहना अनुसार गहुँको रोटी वा दाल, भात, तरकारी र अचारको व्यवस्था गर्न सकिन्छ भने हप्तामा एक पटक मासुको व्यवस्था हुनेछ र मासु नखानेका लागि मौसम अनुसारको फलफूलको व्यवस्था गरिनेछ । विशेष अवस्था वाहेकका प्रभावितलाई मासिक रुपमा मेसको मेनु व्यवस्थापन समितिको निर्णय अनुसार गरिनेछ ।

● सुत्केरी, गर्भवति, विरामी सेवाग्राहीको शारीरिक आवश्यकता हेरी अतिरिक्त पोषणका छुट्टै व्यवस्था गर्नु पर्दछ । त्यसका निम्ती कस्ता पोषण र कति खर्च गर्न सक्ने जस्ता विषयमा केश युनिटले निर्णय गरी व्यवस्थापन समितिबाट अनुमोदन गराउनु पर्दछ ।

६.४. लत्ता कपडाको व्यवस्था

● प्रभावितलाई वस्नका निम्ती विछ्यौना लगायत मौसम अनुसारको कपडा सेटको व्यवस्था गरिनेछ र उक्त सेट अन्तर्गत डस्ना, सिरक, तन्ना र सिरानी जस्ता कपडाहरु समेटिने छन।

- आफ्नोकोठाकोसफाई, कपडा धलु ाई प्रभावित स्वयमले गर्नु पर्दछ र सोका लागि झाडु, सरफ, साबुनको व्यवस्था मासिक रुपमा सुरक्षा वास सेवा केन्द्रले व्योहोर्ने छ ।

- केश युनिटले आवश्यक ठानेको अवस्थामा एकसरो लगाउने कपडाको व्यबस्था गर्न सक्नेछ । प्रति प्रभावितका लागि एक सरो कपडा रु. १२००।- मा नवढ्ने गरी व्यवस्था गर्न सक्नेछ । त्यसै गरि बिभिन्न सुभेच्छुकवाट प्राप्त हुने सफा र काम लाग्ने कपडा संकलन गरि स्टोर गरि राख्नु पर्दछ जो आपतकालिन अवस्थामा हिंसा प्रभावितलाई उपयोगी हुन सक्छ ।

६.५. नियमित स्वास्थ्य जाँच तथा उपचार ङ्ग हिंसा प्रभावितको नियमित मासिक स्वास्थ्य जाँच तथा उपचार सुरक्षा वास सेवा केन्द्रमा अ.न.मी. वाट गराईने छ । निजलाई गम्भिर स्वास्थ्य समस्या देखिएमा आवश्यकता अनुसार मेडिकल डाक्टरको सिफारिसमा बिषेश जाँच तथा उपचारको व्यवस्था मिलाईन्छ ।

- सेवाग्राहीको सबै उपचार निःशुल्क गरिने भए पनि ऐन अनुसार निजलाई भराईने औषधी खर्चको क्षतिपुर्ति वापतको रकम पिडकवाट प्राप्त हुने व्यवस्था भएमा अदालतवाट आदेश भएका बखत पिडकवाट असुल गर्न सकिनेछ ।

६.६. दैनिक सरसफाइ सामग्रीहरु ङ्ग सेवाग्राहीका लागि दाँत माझ्नेब्रस , टुथपेष्ट, नुहाउनेसाबुन वा स्याम्पो, लुगा धुने पाउडर तथा साबुन कपालमा लगाउने तेल काइर्य ोको व्यवस्था गर्नु पर्दछ । ङ्ग मासिक रक्तश्रावको बेला लगाउने प्याड लगायतका दैनिक आवश्यक सामाग्रीहरु एक महिनाको लागि उपलव्ध गराइर्ने छ ।

६.७. सुरक्षा आवास सेवा केन्द्रको दैनिक कार्यतालिका सुरक्षा आवास सेवा केन्द्रमा सेवा लिने सेवाग्राहीहरुको आफ्नो दैनिक कार्यतालिका सबैले देख्ने गरि टाँस गरिएको हुनेछ र सोहि अनुसार सबैले गर्नु पर्ने छ । आफ्नो हैसियत तथा कुनै किसिमको संझौता गरिने छैन तर असक्त, विरामी तथा सुत्केरीहरुका लागी सेवा केन्द्र प्रमुखले विचार गरि व्यवस्था मिलाउने छन् ।

७. सुरक्षा आवास सेवा केन्द्रवाट हिंसा प्रभावितले सेवा प्राप्त गर्न पुग्नु पर्ने योग्यता :

देहायका अवस्थाका हिंसा प्रभावितहरुले सुरक्षा आवास सेवा केन्द्रवाट सेवा लिन योग्य हुने छन्।

- घरेलु हिंसा, यौन दुर्व्यवहार र यातनावाट घरवाट निकाला गरिएका महिलाहरु

- सरोकारवाला निकायलेहिंसा पिडित वा प्रभावित भनि सिफरिश गरिएका महिला तथा वालिका

- नेपाल प्रहरी महिला सेल वा प्रहरी कार्यालयवाट हिंसा प्रभावित भनी ठहर गरिएका महिला तथा वालिकाहरु

- लैगिक हिसं ा फोकल साझेदार नेटबर्कका सदस्यहरुले सिफरिश गरेका हिंसा प्रभावित वा निजहरुले सुरक्षित वासमा राखेका महिलालाई कुनै हिसावले दवाव र जोखिम आई उक्त स्थानमा राख्न उपयुक्त छ भन्ने ठहर भएका महिलाहरु

● मनोसामाजीक विमर्शका क्रममा विशेष संरक्षण र हेरचाहकोआवश्यक छ भनी मनोविमर्श केन्द्र, पारालिगल समिति वा घरेलुहिंसा उजरुी केन्द्रहरुलेसिफारिस गरेका उच्च जोखिमका प्रभावितहरु वा महिलाका क्षेत्रमा कियाशिल अन्य मनोविर्मश कर्ताले सिफारीस गरेका महिला, किशोरी तथा वालिकाहरु ड्ड कुनै किसिमले नशालु पदार्थको सेवन गराई होस गुम्न वाध्य वा भ्ुक्यान पारिएका वा अलपत्रमा परेका वालिका, किशोरी र महिलाहरु भनी नेपाल प्रहरीले बुझाएका प्रभावितहरु

नोट : कडा खालका मानसिक रोग र जोखिमयुक्त संक्रमण रोग भएका महिलाहरुलाई यस सुरक्षा आवास सेवा केन्द्रमा राखिने छैन ।

८. हिंसा प्रभावित महिलाहरुको निम्न आधारभुत आवश्यकताका सेवाहरु मात्र प्रदान गरिने छ ।

● घरेलु हिंसा र महिला माथि भएका अन्य हिंसावाट प्रभावितहरुको विवरण लगत राख्ने ।

● शरिरमा लागेको चोटपटकको औषधि उपचार ।

● पिढितलाई आवश्यकता अनुसार सामाजिक मनोविमर्श सेवा ।

● न्यायमा पहुच अभिबृद्धिका लागी आवश्यक कानुनी परामर्श सहितकोसेवा ।

● कानुनी कार्यवाहीका लागी सम्वन्धित निकायहरुसंग समन्वय र सर्म्पक सेवा ।

● सेवा प्राप्त गरि सकेका हिंसा प्रभावितहरुको अनुगमन र फलोअप सेवा ।

● सेवा प्राप्त प्रभावित महिलाहरुको हक तथा कानुनी अधिकारको उपभोग, पारिवारिक पुर्नमिलन, सामाजीक पुर्नस्थापनाका लागी समुदायस्तरमा सहजीकरण सेवा ।

● बिभिन्न सेवामा प्रभावित महिलाको पहुच स्थापनार्थ जील्ला स्तरिय प्रदायहरु माफ जनवकालत गर्ने । ● प्रभावित महिलाहरुकोमाग र चाहनाहरुको लेखाजोखा गरि आयआर्जनका लागी सिप विकाश तालिम र जीबिकोपार्जनका लागि लघु बिऊ पुजीहरुको व्यवस्थाको लागी पहल गर्ने ।

● अति बिपन्न प्रभावित महिलाको लागी घर बिकाश अनुदानको लागि आर्थिक सहायताको खोजी गर्ने ।

● जिल्ला अस्पताल, स्वास्थ्य कार्यालय, जिल्ला प्रहरी कार्यालय र जिल्ला सरकारी वकिलको कार्यालयसंग समन्वय गरी हिंसा पीढितको उपचारमा सहजीकरण गर्ने ।

९. सुरक्षा आवास सेवा केन्द्रमा सेवा लिने हिंसा प्रभावितहरुलाई तुरुन्तै र प्रभावकारी सेवा दिनका लागी वढिमा सात सदस्य रहने गरि केश युनिटको गठन गरिने छ ।

१. व्यवस्थापन समितिका संयोजक - संयोजक

२.मनोसामाजिक मनोविमर्शकर्ता - सदस्य

३.कानुन अधिकृत वा अधिवक्ता - सदस्य

४.महिला,वालवालिका तथा जेष्ठ नागरिक शाखा प्रमुख/प्रतिनिधि - सदस्य

५.सुरक्षावास केन्द्रको इन्चर्ज वा प्रमुख - सदस्य सचिव

केश युनिटको संख्या महिला माथि हुने हिंसा बिरुद्धको अभियान कार्यक्रमले तोकेका अन्य सदस्यहरुलाई निजको विशेषज्ञता र रुची अनुसार यस ईकाई वा युनिटमा समावेश गर्न सकिने छ । यस युनिट वा ईकाईले यस निर्देशिकाकोदफा १० वमोजिमको कार्य सम्पादन गर्ने छ । १०. सुरक्षा आवास सेवा केन्द्रलाई संचालनमा वहुपक्षिय संयन्त्रलाई जिम्मेवार वनाउनका लागी व्यवस्थापन समिति तथा हिंसा प्रभावितलाई तुरुन्त र प्रभावकारी रुपमा सेवा प्रदान गर्न केश युनिट (ईकाई) का केहि काम कर्तव्य र अधिकारहरु तोकिएका छन् ।

१०.१. सुरक्षा आवास सेवा केन्द्र व्यवस्थापन समितिका काम,कर्तव्य र अधिकार :

(क) सुरक्षा आवासको सुरक्षा, संरक्षण र दैनिक व्यवस्थापनका लागी समन्वय गर्ने ।

(ख) सुरक्षा आवास सेवा केन्द्रको दिगो संचालनका स्रोत तथा साधनको व्यवस्थापन गर्न सरकारका मातहतका निकायहरु र स्थानिय सरकारहरुसंग समन्वय र सम्वन्ध विस्तार गर्ने ।

(ग) निर्धारित प्रकृयावाट सम्प्रेषित प्रभावित महिलाका लागि स्वीकृत मापदण्ड अनुसार सेवा प्रदान गर्न अनुगमन तथा पृष्टपोषण प्रदान गर्ने ।

(घ) सुरक्षा आवास सेवा केन्द्रमा सेवा लिने सेवाग्राहीलाई वहुपक्षिय संयन्त्रका स्रोतमा पहुँच अभिवृद्धि गर्न सहजीकरण गर्ने ।

(ङ) जिल्ला प्रहरी कार्यालय, जिल्ला सरकारी वकिल र नेपाल वार एशोशिएसनसंगको समन्वयमा हिंसा पिडितको न्यायिक उपचारमा सहजीकरण गर्ने ।

१०.२. केश युनिट (ईकाई) कोकाम कर्तव्य र अधिकार हिसं ा प्रभावित महिलाहरुकोतत्कालिन अति आवश्यक सेवाहरु केश युनिटले निम्न अनुसार प्रदान गर्ने छ ।

(क) घरेलु हिंसा र महिला माथि भएका अन्य हिंसावाट प्रभावितहरुको प्रगति विवरण लगत राख्ने ।

(ख) सुरक्षित आवासमा रहके ा हिंसा प्रभावित महिलाहरुकोचोटपटककोऔषधि उपचार गर्न पहल कदमी लिने ।

(ग) पीडितलाई प्रदान गरिएको सामाजिक मनो–विमर्श सेवाको गुणात्मक अनुगमन गर्ने ।

(घ) न्यायमा पहुँच अभिवृद्धिका लागि आवश्यक कानुनी परामर्श सहितकोसेवा दिन समन्वय वा सहकार्य वा आफप्रेदान गर्न अग्रसरता लिने।

(ङ) कानुनी कार्यवाहीका लागि सम्वन्धित निकायहरुसंग समन्वय र सम्पर्क सेवाका लागी रिफर गर्ने ।

(च) सेवा प्राप्त गरी सकेका हिंसा प्रभावितहरुको अनुगमन र फलो–अप सेवाको योजना निर्माण गर्ने र त्यसको कार्यान्वयनमा अग्रसरता लिने।

(छ) सेवा प्राप्त प्रभावित महिलाहरुको हक तथा कानुनी अधिकारको उपभोग, पारिवारिक पुर्नमिलन, सामाजिक पुर्नस्थापनाका लागि समुदायस्तरमा सहजीकरण सेवा उपलब्ध गराउन नेतृत्व प्रदान गर्ने ।

(ज) प्रभावित महिलाहरुको माग र चाहनाहरुको लेखाजोखा गरी आयआर्जनका लागि सिप विकास तालिम र जीबिकोपार्जनका लागि लघु बिऊ पूँजीहरुको व्यवस्थाको लागि पहल गर्ने ।

११. सुरक्षा आवास सेवा केन्द्रको क्षमता र सेवाग्राहीहरुको चापको व्यवस्थापन :

(क) सुरक्षा आवासको क्षमता व्यवस्थापन समितिकोराय सुझाव अनुसार समितिले निर्धारण गरे अनुसार हुनेछ ।

(ख) सुरक्षा आवासको क्षमता निर्धारण गर्दा स्थानीय आवश्यकता, उपलब्ध स्रोत साधन, सुविधा तथा व्यवस्थापकीय क्षमताको आधार, अनुभव र उपलब्धीका आधारमा व्यवस्थापन समितिले पछिल्ला वर्षहरुमा क्रमश: थप गर्दै लैजानेछ ।

(ग) सुरक्षा आवासमा भौतिक सुविधा, उपलब्ध स्थान र सेवा प्रवाहको क्षमता हेरी व्यवस्थापन समितिलेतोकेकोसंख्याभन्दा बढी संख्यामा प्रभावितहरुलाई राख्न हुँदैन । संख्या बढन गएको अवस्थामा अन्य सुरक्षा वास सेवा केन्द्रहरुमा रिफर गर्न सकिन्छ ।

(घ) यदि आकस्मिक रुपमा प्रभावितहरुको संख्या बढन गई थप संख्यामा राख्न परेमा बैकल्पिक सेवा बारे योजना बनाई व्यवस्थापन समितिबाट स्वीकृति प्राप्त भए अनुसार गर्नु पर्दछ ।

१२. हिंसा प्रभावितलाई सुरक्षा आवास सेवा केन्द्रवाट प्रदान गरिने सेवा वा सेवाका क्षेत्रहरु :
तपसिल बमोजीमका सेवाहरु हिंसा प्रभावितहरुले नि:शुल्क दावी गर्न सक्नेछन् ।

(क) स्वास्थ्य सेवा तथा उपचार

- प्रभावितको स्वास्थ्य सम्वन्धि बिवरण सकलन, शारीरिक जाँच र औषधी उपचार
- शारीरिक चोट पटकको उपचार र चिकित्साकीय जाँच
- कानुनी प्रमाणको लागि स्वास्थ्य परीक्षण
- गर्भ परीक्षण तथा तथा आकस्मिक परिवार नियोजनका साधन उपलब्ध गराउने
- यौन जन्य संक्रमण, एच.आई.भी. परीक्षण तथा परामर्श सेवा
- आवश्यकता अनुसार प्रदान गरिने अन्य महिला स्वास्थ्य जाँच तथा परिक्षण सेवाहरु

(ख) मनोसामाजिक मनो–बिमर्श सेवा घरेलु हिंसा र लैङ्गिक हिंसावाट प्रभावितको अवस्था अनुरुप मनो–विमर्श सेवा

♦ सेवा प्रदायक कर्मचारीलाई मनो–विमर्श सेवा र तालिम

♦ मनोसमस्यामा औषधिको आवश्यकता चाहिने प्रभावितलाई रेफर (प्रेषण)

(ग) कानुनी परामर्श तथा सेवा

♦ कानुन व्यवसायीद्वारा हिंसा पिढितलाई नि:शुल्क परामर्श तथा कानुनी उपचार सेवा

♦ जिल्ला सरकारी वकिल, नेपाल वार एशोशियसन वा अन्य गैरसरकारी संस्थाहरुको समन्वयमा निशुल्क कानुनी सहयता सेवाका लागी समन्वय र फलोअप सेवा

♦ रीट लगायतका कानुनी उपचारका लागि कानूनी कारवाही सेवा

♦ प्रहरी कार्यालयहरुमा गरिने सहजीकरण तथा लविङ्ग

(घ) सिप तथा उद्यमशिलता विकास तालिम र विऊ पुँजी

♦ हिसं ा प्रभावितले आफ्नो ईच्छा, चाहना र स्थानीय वजारको माग बमोजिम आफ्नो जीविकोपार्जनलाई सहयोग मिल्ने गरी सिप विकासका तालिममा सहभागी गराउनु पर्नेछ ।

♦ सिप विकासको तालिम प्याकेज घरेलु तथा साना उद्योग विकास समितिले तयार गरे वमोजिम हुनेछ

♦ हिंसा प्रभावितहरुको व्यक्तित्व विकास र आत्मा विश्वास वढाउने किसिमका अन्य तालिमको व्यवस्था गरिनेछ ।

(ङ) सुचना, शिक्षा र सशक्तिकरण

♦ सुरक्षा आवास, स्थानीय निकाय, बिभिन्न गैर सरकारी संस्था र नागरिक समाजहरुको समन्वयमा हिंसा प्रभावितहरुको सञ्जाल निर्माण गर्दै हिंसाको रोकथाम र निराकरणका लागि सूचना र शिक्षाका कार्यक्रम मार्फत आम सचेतिकरण गरिनेछ ।

♦ रेडियो कार्यक्रम, होडिङ्ग वोर्ड, र्‍याली, सडक नाटक, हिंसा प्रभावितलाई सहयोग गर्ने संस्था वा निकायहरुको रोष्टर पत्रको वितरण, गीति कार्यक्रम र पोष्टरिङ् जस्ता कार्यक्रम गर्न सकिनेछ ।

♦ हिंसा प्रभावितको माग र पीडकको व्यवहारलाई मध्यनजर राख्दै हिंसाको पुन: उच्च जोखिम रहेका स्थानहरुमा निगरानी समुह निर्माण गरी हिंसा प्रभावितको सहयोगका लागि परिचालन गर्न सकिनेछ ।

(च) पारिवारिक पुर्नमिलन र सामाजीक पुर्नस्थापना

♦ सुरक्षा आवास सेवा केन्द्रवाट सेवा लिने हिंसा प्रभावितहरुलाई पारिवारिक पुर्नमिलन गर्नका लागी सेवा केन्द्रका वार्डेन, सामाजीक परिचालकले परिवारका सदस्यहरुसंग प्रयास गर्नु पर्दछ । त्यसैगरि अदालत तथा अन्य सामाजीक मेलमिलाप पद्धतीद्धारा हिंसा प्रभावितलाई सामाजीक पुर्नस्थापनाको प्रयास गरिनु पर्दछ ।

♦ आत्मासम्मान पुर्ण जिविकोपार्जनका अवसरहरुका पहिचान गर्न हिंसा प्रभावितहरुको समुह निर्माण गर्ने वा सहकारी गठन गर्ने वा उद्योमशिलता तर्फ बिकासको प्रयास गरिन्छ ।

♦ किशोरी तथा वालिकाहरुका लागी औपचारिक तथा प्राविधिक शिक्षा वा सिप हासिल गर्न प्रयास गरिनु पर्दछ भने सम्वन्धित स्कुल वा शिक्षालयमा हौषला प्रदान गर्ने वातावरण तयार गर्नु पर्दछ । छात्रवृतिको स्किममा औपचारिक शिक्षाको अवसर प्रदान गरिन्छ ।

♦ व्यवस्थापन समितिको समन्वयमा अन्य संघ संस्थाहरुलाई जीवन उपयोगी सिप तथा जिविकोपार्जनमा सहयोग हुने गरि सिफारिश गर्न सकिन्छ । नवजात तथा साना शिशुहरु जो आमाले आफु राख्ने अवस्था नभएमा वा नचाहेको अवस्थामा व्यवस्थापनका लागी वाल संगठन वा अन्य संस्थाहरुको औपचारिक पत्राचार एवं समन्वयमा मात्र गर्नु पर्दछ ।

(छ) अभिलेखिकरण

♦ सुरक्षा आवास सेवा केन्द्रमा सेवा लिने आउने हिंसा प्रभावितहरुको अभिलेखीकरण गरिनेछ । हिसं ा प्रभावितहरुकोअभिलेखीकरण अनुसूची बमोजिम राख्नुपर्नेछ ।

♦ हरेक हिंसा प्रभावितको अलग अलग फाईल खड्ा गरिने छ र निजको पुर्नस्थापना भई सके पछि फाईल वन्द गरि गोप्य किसिमले राखिनेछ ।

♦ हिंसा प्रभावितहरुको व्यक्तिगत सुचना उसको मन्जुरी विना कुनै पनि हालतमा केश युनिटका सदस्यहरु भन्दा वाहिर दिईदैन । तर समग्र केशहरुका प्रकृति र अवस्थाहरुका वारेमा प्रभावितका हितमा लविङ्ग गर्नका लागी प्रयोग गर्न भने सकिनेछ ।

♦ सुरक्षावास सेवा केन्द्रको प्रतिवेदन त्रैमासिक रुपमा सम्वन्धित पालिकामा नियमित रुपमा प्रदान गरिने छ ।

♦ व्यवस्थापन समितिमा रहेको संघसंस्थाको अर्न्तगतको ड्ाटाबेश युनिटलाई हरेक महिनाको पहिलो हप्ता भित्रै अगाड्ीको महिनाका सबै ड्ाटाहरु अनिवार्य रुपमा ई-कपीमा ईमेल गरी सक्नु पर्दछ ।

१३. सुरक्षा आवास सेवा केन्द्रका निम्ति जनशक्ति परिचालन सुरक्षा आवासमा देहाय बमोजिमकोपुरे प्रशिक्षित जनशक्ति परिचालित हुनेछन्।

(क) एक जना सुरक्षा आवास प्रमुख जसले बिभिन्न सरकारी तथा गैरसरकारी निकाय, निजी फर्म वा व्यक्तिसंग समन्वय र सहकार्यका लागि सम्पर्क व्यक्तिका रुपमा दैनिक सुरक्षा वासको सञ्चालन तथा व्यबस्थापन गर्नेछ ।

(ख) कम्तिमा एक जना चौकिदार जसले राती र दिनमा सेवा पुऱ्याउने व्यवस्था गर्नेछ ।

(ग) एक जना भान्सेको व्यवस्था हुनेछ जसले खाद्यसुरक्षा, सरसफाई र खानाको व्यवस्था गर्नेछ ।

(घ) नियमित स्वास्थ्य जाँचका लागि जिल्ला अस्पताल वा स्थानीय तहको प्रत्यक्ष निगरानीमा सञ्चालित प्राथमिक स्वास्थ्य सेवा केन्द्र वा स्वास्थ्य चौकी वा स्वास्थ्य इकाई वा आकस्मिक स्वास्थ्य उपचार केन्द्रवाट डाक्टर, स्टाफ नर्सको सेवा आंशिक समयका लागि उपलब्ध गराउन सकिने छ । त्यस्तो अवस्था नहुँदाका समयमा अ.न.मी.वाट महिला स्वास्थ्य जाँच लगायतका प्राथमिक उपचार सेवाहरु प्रदान गरिने छ ।

(ङ) सामाजिक मनो–बिमर्शको सेवा नियमित रुपमा मनोचिकित्सक वा मनोबिमर्शकर्तावाट आंशिक समयका लागि व्यवस्था गरिनेछ ।

(च) कानुनी परामर्श सेवा आवश्यक परेमा एक जना कानुन व्यवसायीको आंशिक रुपमा व्यवस्था गरिनेछ । मुद्दाको प्रकृति हेरी हिंसा प्रभावितसंग वयान लिनका लागि प्रहरी अधिकारी वा सरकारी वकिलको सेवा सुरक्षा आवासमा नै व्यवस्था गरिनेछ । सरकारवादी मुद्दाका लागि कानुनी परामर्श सेवा सरकारी वकिलले पुऱ्याउनेछन्।

(छ) एक जना कार्यालय सहयोगीको व्यवस्था गरी अभिलेख संरक्षण, लेखा र कार्यालय व्यबस्थापन गर्न सकिनेछ । निजले हिंसा प्रभावितको पुनरमिलन र सामाजिकीकरण गर्न सहयोगीको भुमिका खेल्नेछन्। सुरक्षा आवासमा रहने जनशक्तिको काम, कर्तव्य र जिम्मेवारी अनुसूची मा संलग्न गरिएको छ ।

१४. महिला सुरक्षा आवास सेवा केन्द्र सञ्चालनको स्रोत सुरक्षा आवास सेवा केन्द्र संचालनका लागी प्रमुख रुपमा व्यवस्थापन समितिलेजुटाएका आर्थिक स्रोतहरु नै प्रमुख स्रोतहरु हुन् तर दिगो संचालनका लागी निम्न अनुसारका स्रोतहरुको व्यवस्थापन गर्नु पर्ने हुन्छ ।

(क) जिल्ला समन्वय समितिवाट सुरक्षा आवास संचालनको लागि बिनियोजन गरिएको वार्षिक बजेट ।

(ख) जिल्ला भित्रका नगरपालिकाहरुबाट हिंसा प्रभावित व्यक्ति वा सुरक्षा वास संचालनको लागि बिनियोजन गरिएकोवार्षिक बजटे ।

(ग) जिल्ला भित्रका गाँउपालिकाबाट हिंसा प्रभावित व्यक्ति वा सुरक्षा वास संचालनको लागि बिनियोजन गरिएकोवार्षिक बजटे ।

(घ) महिला वालवालिका तथा जेष्ठ नागरीक मन्त्रालयवाट हिंसा प्रभावित व्यक्ति वा सुरक्षा वास संचालनको लागि बिनियोजन गरिएको स्थानिय सरकारबाट प्राप्त वार्षिक बजेट ।

(ङ) बिभिन्न स्थानीय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी सँघ संस्थाहरुवाट प्राप्त हुने अनुदान रकम ।

(च) व्यक्तिगत रुपमा हिंसा प्रभावितका आफन्त वा सुभेच्छुकहरुवाट निजहरुलाई प्रदान गरिएका नगद तथा जिन्सीहरु ।

(छ) अन्य बिविध कार्यक्रमवाट प्राप्त हुने नगद तथा जिन्सीहरु ।

१५. खर्च मानक

(क) नियमित सुरक्षा आवास गृहको भाडा तथा मर्मत सम्भार खर्च

(ख) विद्युत खर्च, पानी जडान तथा मर्मत र नियमित महसुल

(ग) प्रभावितहरुको औषधी तथा उपचार खर्च

(घ) सेवाग्राहीहरुको नियमित खाना, खाजा तथा पोषण खर्च

(ङ) कानुनी परामर्श तथा उपचार सेवा र समन्वय खर्च

(च) नियमित लत्ता कपडा, निर्देशिकाले तोकेको लगाउने कपडा खर्च

(छ) पारिवारिक पुर्नमिलन तथा पुर्नस्थापना गर्दा लाग्ने खर्च

(ज) प्रभावितहरुको परिचालन, सुचना, शिक्षा र सञ्चार खर्च

(झ) प्रभावितको सिप बिकास तथा विऊ पुँजी हस्तान्तरण खर्च

(ञ) सरोकारवालाहरुसंगको समन्वय बैठक तथा अन्य खर्च

(ट) वाचनालय, टेलिभिजन, मनोरन्जनका लागी हुने खर्च

(ठ) नियमित कर्मचारी तलव तथा भत्ता खर्च

(ड) सुरक्षावास दैनिक कार्यलय सञ्चालन खर्च

१६. सुरक्षा आवास सेवा केन्द्रकोबकै तथा हिसाव सञ्चालन खाता : सुरक्षा आवास सञ्चालन गर्नको लागि छुट्टै बैक खाता रहने छ भने अलग्गै हिसाव खाताको व्यवस्था गरि दोहोरो लेखा प्रणाली लागु गरिने छ ।

१७. यस निर्देशिकालाई आवश्यक्ता अनुरुपमा अध्यावधि गर्दै लगिने छ । संचालकहरुकोअनुभवका आधारमा अन्य कुराहरु संस्थाको व्यवस्थापन समिति एवं कार्यसमितिको राय अनुसार थप गर्दै लगीने छ ।

१८. थप व्यवस्था : सुरक्षा आवासमा आउने सेवाग्राही तथा पीडितहरुको भर्ना फारम, मनोविमर्श, हस्तानान्तरण फारम, मन्जुरीनामा, प्रेषण फारम लगायतका व्यवस्थाहरु तथा सोको विवरण तोकिए बमोजिम हनु छ ।

१९. व्याख्या तथा वाधा अड्काउ फुकाऊ : यस निर्देशिकामा उल्लेख भएका कुराहरुमा अस्पष्ट भएमा वा थप व्याख्या गर्नु पर्ने भएमा सेवा केन्द्र संचालनको लागि गठित व्यवस्थापन समितिले निर्णय गरि व्याख्या तथा वाधा अड्काऊ फुकाऊ गरिने छ ।

**अनुसूचि (१)**

क) सेवाग्राहीको नाम दर्ता एवं अभिलेखिकरण नाम दर्ता गर्ने र अभिलेख राख्ने काम सेवा केन्द्रका प्रमुखले गर्नेछन्। नाम दर्ता सम्बन्धि छुटै रजिस्ट्र तयार गर्नु पर्दछ र सबै विवरण तयार गरी उक्त रजिस्टरमा संलग्न गर्नुपर्दछ। सुरक्षा वासका सेवाग्राहीकोविस्तृत ठेगाना र हलु ीया सहितकोव्यक्तिगत विवरण लिई नाम दर्ता गरिने छ। उक्त दर्ता निम्न वमोजिमको ढाँचामा गर्नु पर्नेछ।

(१) हिंसा प्रभावितको परिचय नाम :

ठेगाना : जिल्ला: ग.पा. /न.पा. वडा नं.

टोल :

जन्म मिति : जात : लिङ्ग :

वैवाहिक अवस्था :

अभिभावकको नाम : वावु र आमाको नाम :

(२) पीडकको परिचय

नम :

ठेगाना : जिल्ला: ग.पा./न.पा. वडा नं.

टोल :

जन्म मिति : जात : लिङ्ग :

हुलिया :

(३) पीडकसंगको नाता वा सम्बन्ध :

पीडा दिने गरेको प्रथम पटकको मिति : पिडाको पटक :
(४) पीडाको किसिम :

हाल पिडा (अन्याय) गरेको मिति : स्थान :

समय : कारण :

(५) पारिवारिक आर्थिक अवस्था :

श्रीमान्‌को नाम :

बच्चा भए : छोरा : छोरी :

(६) उनीहरु कस्को संरक्षणमा छन् ?

(७) आम्दानीको स्रोत के हो ?

(८) पीडितको एक थान फोटो लिने :

(९) प्रारम्भीक शारीरिक जाँच तथा उपचार (शारीरिक स्वास्थ्य परीक्षण क्लिनिकवाट गर्ने र छुटै फाईल तयार गरी राख्ने -

तौल : रक्तचाप :

शरीरको तापक्रम :

(१०) घाउ वा खत भए त्यसको सख्या र प्रकृति :

अनुसूचि २

## ख) सुरक्षा आवासमा रहने जनशक्तिको कार्य विवरण

### वार्डेन वा सुरक्षा आवास प्रमुख

(१) सुरक्षा वासको सम्पूर्ण प्रवन्ध मिलाउने ।

(२) सुरक्षा वास व्यवस्थापन समितिको सदस्य सचिव भै कार्य गर्ने ।

(३) स्वास्थ्य परीक्षण तथा उपचार व्यवस्था र मनोविमर्शकर्तासंग छलफल पछि प्रभावित आफैले तयार गरेको योजनाको कार्यान्वयन गर्न जिल्ला अस्पताल, प्रहरी कार्यालय, सरकारी वकिल, महिला बालबालिका कार्यालय र सामाजिक सँघ सस्थाहरुसंग समन्वय तथा छलफल गर्ने ।

### अ.न.मी.

(१) सुरक्षावासमा आउने सबै प्रभावितहरुको अनिवार्य स्वास्थ्य परिक्षण गर्ने ।

(२) गोप्य र संबदे नशिल अगं हरुमा घाउ चोटपटक भए त्यसको अवस्थाहरुको वारमे ा सुरक्षावास प्रमुखलाई जानकारी दिई उपचार गर्न सिफारिश गर्ने ।

(३) घाईते तथा चोटपटक लागेका हिंसा प्रभावितहरुलाई तुरुन्त अस्पताल लगि घाजाँच केश फारम गर्ने र यदि प्रभावितले चाहेमा प्रहरीकोमा जानकारी गराउने

### मनोसामाजीक बिमर्शकता

(१)सुरक्षा आवासमा आएका व्यक्तिलाई दैनिक वा आवश्यकता अनुसार तालिम प्राप्त मनोविमर्शकर्ताबाट कम्तीमा छ हप्ताको निरन्तर मनोविमर्श सेवा उपलव्ध गराउनु पर्नेछ

(२) केन्द्रले संरक्षित व्यक्तिहरुलाई आवश्यक्ता अनुसार मनोविमर्श सेवा उपलब्ध गराउनु पर्ने ।

(३) मनोविमर्श गर्दा अवस्था हेरी प्रभावितकोपरिवारकोसदस्यलाई व्यक्तिगत एवं सामूहिक सेवा दिने ।
(४) प्रभावितको नाममा व्यक्तिगत फाईल खडा गर्ने गराउने । यसरी खडा गरिएको फाईलमा नियमित रुपमा मासिक स्वास्थ्य परीक्षण कागजातको अभिलेख अद्यावधिक गर्दै जानुपर्छ । मनोसामाजिक विमर्शको सेवा दिदै निजले कस्तो समाधानको उपाय देख्दछ त्यसका आधारमा कार्ययोजना तयार गर्दै जानु पर्छ ।

(५) मनोविमर्शको छुट्टै अभिलेख फाईल खडा गर्नु पर्दछ ।

### कानुन व्यवसायी

(१) कानूनी परामर्श तथा उपचारका सेवा आवश्यकता अनुसार सेवा दिने

(२) कानुनी कागजात सहितको फाईल खडा गर्ने ।

(३) प्रभावितलाई सरकारी सेवा प्रदाय वा सरकारी वकिल मार्फत सेवा दिलाउनु पर्ने भए सम्वन्धित कार्यालयहरुलाई सिफारिस र अनुगमन गरी सो सम्वन्धि भिन्दै प्रतिवेदन तयार गर्ने । आउटरिच वर्कर तथा सामाजीक परिचालक

(१) पारिवारिक पुर्नमिलनका लागी हिंसा प्रभावितहरुका सहयोगीहरुसंग समन्वय विस्तार

(२) हिसां प्रभावितकोघर परिवार तथा समुदायसंग सम्वन्ध राख्नेर उनीहरुकोविचारहरु बुझ्नेतथा समस्याको केन्द्र विन्दुको पहिचान गरि मनोविमर्शकर्तालाई जानकारी दिने

(३) सामाजीक पुर्नमिलनका लागी छलफलको आयोजना गर्ने र मध्यस्थातकर्ताको भुमिका खेल्ने

(४) औपचारिक शिक्षा तथा सिप विकास र अन्य निकायका सरोकारवालासंग समन्वय गर्ने र अनुगमन गर्ने ।

## भान्से

(१) दैनिक खानाको सूची तयार गर्ने र खाने समय तालिका वनाउने।

(२)खानाको सूची अनुसार सफा, स्वादिष्ट खाना तयार गर्ने र अशक्त, विरामी र सुत्केरीको स्याहार गर्ने ।

(३) भान्सा र सुरक्षा वास सम्वन्धी वार्डेनले दिएका जिम्मेवारी पुरा गर्ने ।

## सुरक्षा सहायक वा पाले

(१) सुरक्षा आवासको सुरक्षा गर्ने र वार्डेनले दिएका जिम्मेवारी पुरा गर्ने ।

(२) सुरक्षा कार्य योजना एवं समय तालिका वनाउने र सुरक्षा निकायसंग समन्वय एवं सहकार्य गर्ने ।

अनुसुची (३)

ग) सुरक्षा आवास सेवा केन्द्रको प्रगति प्रतिवेदनको ढाँचा संक्षिप्त अवस्था

| क.स. | गतिविधि | उद्देश्य | लक्ष्य | प्राप्ति | सहभागी संख्या | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | महिला | पुरुष | जम्मा |
| सुरक्षा आवास सेवा केन्द्र सञ्चालन र सवलिकरण | | | | | | | |
| १ | महिला सुरक्षाअवास सेवा केन्द्र व्य. समितिको वैठक | नमुना सुरक्षा वास गृहको प्रभावकारी रुपमा संचालन गर्नु | | | | | |
| २ | सुरक्षा आवाससेवा केन्द्रको प्रगति त्रैमासिक समिक्षा | | | | | | |
| ३ | हिसं ा प्रभावितलाई सुरक्षा वास सेवा प्रदान | महिला माथि हिंसाका प्रभावितहरुलाई तत्काल सुरक्षावास सेवा प्रदान गर्ने | | | | | |
| ४ | प्रभावितहरुका लागी मनोसामाजीक बिमर्श सेवा | प्रभावकारी सेवा उपलब्ध गराउन | | | | | |
| ५ | सेवाग्राहीहरुलाई प्राथमिक उपचार र महिला स्वास्थ्य सेवा | सुरक्षा वास गृहको प्रभावकारी रुपमा संचालन गर्न | | | | | |
| ६ | गम्भिर स्वास्थ्य उपचार सेवा प्रदान | जटिल तथा गम्भिर स्वास्थ्य सेवा प्रदान गन | | | | | |
| ७ | कानूनी परामर्श र सेवा सहयोग | हिंसा प्रभावितका लागी न्यायमा पहुच वृद्धि गन | | | | | |
| ८ | हिसं ा प्रभावितहरुलाई पुर्नस्थापना | घर फिर्ती गराउन सहज वातावरण वनाउन | | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ९ | हिंसा प्रभावितहरुको विषयमा समूदाय अन्तरक्रिया | प्रभावितहरुलाई पुनर्मिलन लागि सहज वनाउन सहजीकरण गर्न | | | | | |
| १० | व्यक्तिगत फाईलीङ अपडेट | व्यक्तिगत समस्यालाई व्यवस्थित र गरी अभिलेखिकरण गर्न | | | | | |
| ११ | हिसं ा प्रभावितहरुका पारिवारिक पुर्नमिलन | ,भावितहरुको पारिवारिक वातावरणको वारेमा जानकारी लिन | | | | | |
| १२ | अदालती प्रकियामा रहेका मुद्धाको फलोअप | अदालतमा चलिरहेका मूद्धाहरु अवस्था पत्ता लगाउने | | | | | |
| | हिंसा प्रभावितहरुको अनुगमन | प्रभावितहरुको अवस्था पत्ता लगाउन | | | | | |

**प्रभावितहरुको सामुहिक अवस्था झल्काउने प्रतिवेदन**

| क.स. | घटनाको बिवरण | संख्या | जातिय बिवरण | संख्या | उमेर समुह | संख्या | शिक्षा | संख्या |
|---|---|---|---|---|---|---|---|---|
| १ | वलात्कार | | | | | | | |
| २ | वलात्कारको उद्योग | | | | | | | |
| ३ | बहुविवाह | | | | | | | |
| ४ | घरेलु हिंसा | | | | | | | |
| ५ | नाता कायम | | | | | | | |
| ६ | यौन दुर्व्यवहार | | | | | | | |
| ७ | बिस्थापित | | | | | | | |
| ८ | बेचबिखन | | | | | | | |
| ९ | अंशवण्डा | | | | | | | |
| १० | सम्वन्ध विच्छेद | | | | | | | |
| ११ | अन्य | | | | | | | |
| **जम्मा** | | | | | | | | |

**अनुसूची ४**

**अग्नीसाईर कृष्णासवरन सुरक्षा आवासद्धारा सेवाग्राहीलाई प्राप्त हुने सेवा सुविधाहरुको विवरण**

| क. सं. | सेवाको विवरण | संख्या | केफियत |
|---|---|---|---|
| १ | खाना र वास | | |
| २ | मनोबिमर्श सेवा | | |
| ३ | प्राथमिक स्वास्थ्य जाँच | | |
| ४ | स्वास्थ्य उपचार सेवा | | |
| ५ | कानुनी परामर्श | | |
| ६ | कानुनी उपचार सेवा | | |
| ७ | पारिवारिक पुर्नमिलन | | |
| ८ | सामुदायिक छलफल | | |
| ९ | अन्य निकायमा रिफर | | |
| १० | अन्य | | |

**अनुसूची ५**

**महिला सुरक्षा आवासका सेवाग्राहीले पालाना गर्नु पर्ने आचरण :**

१. आफ्नो समस्याका वारेमा संस्थाका प्रमुख लगायत मनोविमर्शकर्ता र वकिलहरु वाहेक अरु कसैलाई वताउनु हुँदैन ।

२. विना पूर्व सूचना सुरक्षा वास छोड्नु हुँदैन । सुरक्षा वास छोडी जानुपरेको अवस्थामा सुरक्षा वास प्रमुखको पूर्व स्वीकृति लिनु पर्दछ ।

३. सुरक्षा वासमा सबैसंग पारस्पारिक सम्बन्ध राम्रो गर्नु पर्दछ ।

४. अश्लील शब्दको प्रयोग र आपत्तिजनक व्यवहार गर्न सख्त मनाही छ ।

५. सुरक्षा वास परिसरमा मध्यपान र लागु औषधको प्रयोग गर्नु हुँदैन ।

६. धुमपान तथा सुर्ति सेवनका लत हुनेहरुलेनिश्चित तोकिएकोस्थानमा गई गर्नु पर्दछ तर घर भित्र कुनैपनि हालतमा गर्नु हदैुन ।

७. आफ्नो नजिकका एकाघरका नातेदार वाहेकका मानिससंग टेलिफोन लगायतका सम्पर्क गर्न पाईने छैन, तर आफूलाई सहयोग गर्ने व्यक्ति वा समूह, परामर्श लिनुपर्ने व्यक्तिसंगका सम्पर्कलाई भने निषेध गरिने छैन । तर त्यसको जानकारी सुरक्षा वास सेवा केन्द्र प्रमुखलाई दिनु पर्ने छ ।

८. आफ्नो नियमित गतिविधिको कार्ययोजना वनाउनु पर्ने छ र सो वारेमा सुरक्षा वास प्रमुखको स्वीकृति लिनु पर्ने छ ।

९. अरुको भावनामा चोट पुग्ने गरि अनावश्यक ठट्टा गर्नु हुँदैन र मनोरन्जन गर्दा कार्यालयको समय र तालिका अनुसार गर्नु पर्दछ ।

१०. आफूले प्रयोग गरेको ओछ्यान ,( तन्ना ,सिरकको खोल, सिरानीको खोल) कोठा भाँडा आफै सफा गर्नु पर्ने छ ।

अनुसूची - ६

दफा १८ संग सम्बन्धित

# गौर सुरक्षा आवास

गौर नगरपालिका - १ गौर, रौतहट

## मनोविमर्श फारम

मनोविमर्शकर्ताको नाम : ............................................................ मिति :......./....../......

सेवाग्राहीको कोड नं. :

मनोविमर्शको विधि :

मुख्य समस्या :

मनोविमर्शकर्ताले सामना गरेको व्यवहार :

सेवाग्राहीले सामना गरेको व्यवहार :

**मनोविमर्शको पटक**

| क. स. | मनोविमर्शकता | देखि | सम्म | अनुगमन | मूल्याङ्कन | देखि | सम्म |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

. ........................................ **हस्ताक्षर**

अनुसूची - ७

दफा १८ संग सम्बन्धित

# गौर सुरक्षा आवास

**गौर नगरपालिका - १ गौर, रौतहट**

## भर्ना फारम

नाम कोडमा :                                                    मिति :

ठेगाना : जिल्ला : ................................ गा.पा./उप/महा/न.पा. ....................................

वडा नं. ..............................

हालको अवस्था :

आएको समय :

आएको श्रोत :

सेवाग्राहीसंग कोही आफन्त आएको खण्डमा : नाम कोडमा :.......................... उमेर :

मानसिक/शारीरिक स्थिति :

यस संस्था प्रति उहाँको बुझाई :

सेवाग्राहीको हस्ताक्षर : ...........................

| | |
|---|---|
| | |
| दायाँ | बायाँ |

कर्मचारीको हस्ताक्षर...........................

**अनुसूची - ८**

**दफा १८ संग सम्बन्धित**

# गौर सुरक्षा आवास

**गौर नगरपालिका - १ गौर, रौतहट**

## मन्जुरीनामा

म ........................................................ वर्ष ............ को जिल्ला ............................... गाउँपालिका/उप/महा/नगरपालिका ............................................................ वडा नं. ....... बस्नेले यस सुरक्षा आवासको कर्मचारी श्री .................................................. लाई मेरो घटनासंग सम्बन्धित विवरण तथा फोटो, भिडियो, अडियो रेकर्ड गर्नुका सोको जानकारी **गौर नगरपालिकाको** मिडिया, निकाय तथा वव सुरक्षा गृहको माथिल्लो
तथा वव साइटमा प्रसारण गर्न गराउन स्वच्छालेअनुमति दिन्छु।

नोट : नाबालकको हकमा अभिभावकको नाम, हस्ताक्षर तथा सम्पर्क नम्बर उल्लेख गर्ने ।

नाम :

ठेगाना :

सम्पर्क नं. :

हस्ताक्षर :

| | |
|---|---|
| | |
| दायाँ | बायाँ |

**संस्थाको तर्फबाट :**

नाम :

सम्पर्क नं. :

हस्ताक्षर :

**अनुसूची - ९**

**दफा १८ संग सम्बन्धित**

# गौर सुरक्षा आवास

**गौर नगरपालिका - १ गौर, रौतहट**

## प्रेषण फारम

प.सं.: ............. मिति :

च. नं.................

श्री...................................... ............................................

विषय : .............................................................. ।

उपरोक्त सम्बन्धमा यस .................................. जिल्ला ....................................... गा.पा./उप/महा/न.पा. वडा नं. ............ घर भएको वर्ष ............... को श्री ...................... .......................................... बताउने बिगत ........... दिन देखि यस गौर नगरपालिकाको गाउँपालिकाको सुरक्षा आवासमा बस्दै आएको छ र उहाँको स्वास्थ्य तथा .............................. अवस्थामा अचानक केही समस्या देखिएकोले हुँदा गौर स्थित रहेका OCMC मार्फत उपचार गराई दिनु हुन यसै पत्र मार्फत अनुरोध छ ।

अनुसूची - १०

दफा १८ संग सम्बन्धित

# गौर सुरक्षा आवास

## गौर नगरपालिका - १ गौर, रौतहट

## हस्तानान्तरण फारम

प.सं.: ............. मिति :

च.नं. : ...........

विषय : व्यक्ति बुझिलिएको सम्बन्धमा ।

विगत ........./............./.......... गतेदेखि यस .................................. जिल्ला ........................................ गा.पा./उप/महा/न.पा. वडा नं. ............ घर भएको वर्ष ............... को श्री ...................... ........................................नाम बताउने बिगत यस **गौर,नगरपालिको** सुरक्षा आवासमा बस्दै आएको छ र उहाँको स्वास्थ्य/मानसिक अवस्थामा/पारिवारिक समस्या/मेलमिलाप/परिवारजनकोभेटघाट तथा मिलाप/समस्यामा सुधार भई आउँदा म ................................ जिल्ला .................................................... गा.पा./उप/महा/न.पा. बस्ने ................... वर्षको श्री .............................................. ले यस **गौर,नगरपालिको** सुरक्षा आवासबाट मेरो बाजे/बज्यै/बुवा/आमा/छोरा/छोरी/पत्नी/बुहारी/नाति/नातिनी श्री ........................................... लाई बुझिलिई यस हस्तानान्तरण फारममा सही छाप गरेको छु ।

बुझिलिनेको नाम, थर

नाम : .....................................

.

हस्ताक्षर : .................................

बुझाउनेको नाम, थर

नाम : .....................................

हस्ताक्षर : .................

| | |
|---|---|
| | |
| दायाँ | बायाँ |

**सन्दर्भ सामाग्रीहरु :**

१. नेपालको संविधान
२. सूचनाको हक सम्बन्धि ऐन, २०६४ र नियमावली, २०६५
३. नेपाल सरकारको सुरक्षा आवास सेवा केन्द्र संचालन सम्बन्धि निर्देशिका २०६८
४. घरेलु हिंसा (कसुर र सजाय) ऐन २०६६
५. घरेलु हिंसा (कसुर र सजाय) नियमावली २०६७ ६. अन्य संस्थाहरुवाट संचालन गरिएका निर्देशिकाहरु